श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, चितवनका प्रमुख जिल्ला अधिकारी श्री ईश्वरचन्द्र शर्मा घर
बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा
नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार
प्रयोग गरी गृह पञ्चायत मन्त्रालयका शाखा अधिकृत श्री खेममान सिंह भण्डारीलाई मिति
२०३६।२।१ देखि का. मु. मुकरर गरिएको छ ।

आज्ञाले–

रामचरण प्रधानाङ्ग

श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, डडेलधुराका प्रमुख जिल्ला अधिकारी श्री चन्द्रप्रसाद पाण्डे
बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा निजामती
सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको
अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री बालकृष्ण अमात्यलाई मिति
२०३६।१।५ देखि का. मु. मुकरर गरिएको छ ।

आज्ञाले–

रामचरण प्रधानाङ्ग

श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, काठमाडौंका प्र. जि. अ. श्री बबुअन ठाकुर तालीममा भागलिन
जापान जानुभएकोले उहाँ तालीमबाट फर्की हाजिर नभएसम्मको लागि सो प्र. जि. अ.
पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को
खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला पञ्चायत सचिवालय काठमाडौंका पं.
वि. अ. डा. श्री टीकाराम शर्मालाई मिति २०३५।१२।२२ देखि का. मु. मुकरर गरिएको छ ।

आज्ञाले–

रामचरण प्रधानाङ्ग

श्री ५ को सरकारको उप-सचिव

६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।